मिति २०७७ साल जेष्ठ ३० गतेका दिन COVID-19 Crisis Management Center जुम्लाले गरेको निर्णय ।

**निर्णयहरू:-**

**नि.नं. १.** लामो समयसम्म हुने बन्दाबन्दीको अवधिले जनजीवनमा पर्ने असरलाई मध्यनजर गरी नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७७/०२/२८ गतेको बैठकले गरेको निर्णय अनुसार गृह मन्त्रालयको (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को प.सं. ०७६/०७७ -६ च.नं. ४१५२ को पत्र मार्फत प्राप्त निर्देशनको जानकारी भयो। दुई मिटरको सामाजिक दुरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुनपानीले हात धुने वा स्यानिटाईजरको प्रयोग लगायत निर्देशनमा उल्लेखित भए बमोजिमका सेवा र कार्यहरू जनस्वास्थ्यका मापदण्ड र सुरक्षा मापदण्ड अनिवार्य रूपमा पालना गर्न गराउने साथै सोको सार्वजानिक सूचना जारी गर्ने निर्णय गरियो।

**नि.नं.२.** यस जिल्लामा COVID-19 रोकथाम तथा उपचारलाई थप प्रभावकारी बनाई संक्रमितलाई व्यवस्थित राख्नको लागि नगरपालिकामा कम्तिमा २० वेड क्षमताको Isolation Ward व्यवस्था र प्रत्येक गाँउपालिकाले कम्तिमा १० वेड क्षमताको Isolation Ward पूर्वाधार पुरा भए नभएको सम्बन्धमा जानकारी लिने र सो पश्चात COVID-19 Crisis Management Centre, जुम्लाले अनुगमन गर्ने निर्णय गरियो।